माननीय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेलले

प्रदेश सभामा प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७७/७८ को लागि विनियोजन विधेयक, २०७७ का

# सिद्धान्त र प्राथमिकता

प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश

२०७७ जेष्ठ

**माननीय सभामुख महोदय,**

१. बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयको मन्त्रीको हैसियतले यस गरिमामय सभा समक्ष विनियोजन विधेयक, २०७७ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. ऐतिहासिक रुपमा नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा अद्यावधिक गरी सार्वजनिक गर्ने पुनित कार्यको नेतृत्वदायी भूमिकाका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको उच्च सम्मान गर्दै कृतज्ञता प्रकट गर्दछु । साथै सक्रियता पूर्वक कार्य सम्पन्न गरेकोमा नेपाल सरकारलाई विशेष धन्यवाद दिन चाहन्छु।

३. **समृद्ध नेपाल र सुखी नेपाली** हाम्रो दीर्घकालीन राष्ट्रिय सोच भए अनुसार बागमती प्रदेश सरकारले आफ्ना सबै नीति तथा कार्यक्रमहरु सोही दिशातर्फ उन्मुख हुनुपर्ने यहाँहरुलाई अवगतै छ ।

४. विश्वभर फैलिएको कोभिड-१९ रोगको महामारीबाट सिर्जित विषम परिस्थितिका कारण विकास प्रयास अवरुद्ध हुन पुगी हाम्रो स्रोत, साधन र ध्यान यसको रोकथामतर्फ केन्द्रित गर्नुपर्ने बाध्यता परेको छ । यसले गर्दा चालु आर्थिक वर्षका लक्षित कार्यक्रमहरु तोकिएको समयमा पुरा गर्न असहज स्थिति पैदा हुनुका साथै सामान्य रूपमा चलिरहेको जनजीवनलाई एक्कासी वन्दावन्दीमा ल्याउनु पर्ने असामान्य परिस्थिति आइपरेको छ। यसबाट बागमती प्रदेशका साथै स्वदेश तथा विदेशमा रहनुभएका दिदीबहिनी तथा दाजुभाइहरुमा परेको असहज परिस्थितिप्रति प्रदेश सरकारको तर्फबाट दुःख व्यक्त गर्न चाहन्छु। साथै यस रोगबाट ज्यान गुमाउनु भएका स्वदेश तथा विदेशमा रहनुभएका नेपाली दिदीबहिनी र दाजुभाइहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । उहाँहरुको शोकाकूल परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दै उपचाररत सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

५. दुई महिना भन्दा बढीको वन्दावन्दी निरन्तर चलिरहँदा आम जनताको जनजीवन असामान्य बन्न पुगेको छ। अनायास आइपरेको यस विपत्तिले हाम्रो प्रदेशको अर्थव्यवस्थामा ठूलो हानि पुऱ्याएको छ । महामारीको रोकथाम तथा प्रभावकारी नियन्त्रण गर्दै उक्त क्षतिलाई पुनःभरण गर्न र शीघ्रातीशीघ्र वाञ्छित आर्थिक सम्बृद्धि

हासिल गर्न फेरी अहोरात्र खटिनु पर्ने भएको छ। यसले हामीलाई थप संवेदनशील बनाएको छ ।

६. कोभिड-१९ ले नेपालको भौतिक पूर्वाधारमा लगानी गर्ने परम्परालाई अब आर्थिक सामाजिक विकास गर्ने दृष्टिकोणमा बदलिदिएको छ। यस विपत्तिले हाम्रो समग्र विकास पद्धति, अवधारणा र अभ्यासमा परिवर्तन गर्नु पर्ने अवस्था सिर्जना भएको छ। विश्वभर फैलिएको यस महामारीले विकास सधैं सिधा रेखामा हिंड्ने होइन रहेछ भन्ने पाठ समेत सिकाएको छ। विकासप्रतिको अभिमूखीकरण अब जैविक प्रणालीबाट आर्थिक सामाजिक विकास गर्नुपर्ने तर्फ इंगित भएको छ । यसको अर्थ नेपालको विकास अब देशभित्रैबाट र नेपाली युवा शक्तिले देश भित्रै पौरख गरी उपलब्धि हासिल गरिने हुनुपर्छ। विकासको जग देश भित्रको श्रम, पूँजी, प्रविधि र सीप परिचालनमा आधारित हुनुपर्छ ।

७. नेपाली युवाको जोस, जाँगर र पौरख देशभित्रै परिचालन गर्न सके मात्र विकास दिगो हुने रहेछ र त्यति बेला मात्र अर्थव्यवस्था उत्थानशील हुनेरहेछ भन्ने पाठ यस महामारीले सिकाएको छ; भू-धरातलीय यथार्थतामा आधारित विकासको अभ्यास अवलम्बन गर्न सके मात्र यथार्थ स्वरुपको उपलब्धि हासिल हुने रहेछ भन्ने बोध गराएको छ।

८. अबको विकासको ढाँचा भनेको देशको विविधता र त्यहाँको सम्भावनाको उपयोगको आधारमा पर्वतीय अर्थतन्त्रको विकासको जगबाट राष्ट्रिय अर्थ व्यवस्थाको जगेर्ना गर्नु हुनेछ। तसर्थ अब प्रदेश सरकारले दिगो र देशको भूधरातलीय यथार्थतामा आधारित विकास नमूना र पद्धतिको अवलम्वन गर्नेछ। यसको लागि आवश्यक नीति तथा कार्यक्रमहरू तय गरिनेछन् ।

९. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ संक्रमणलाई रोकथाम गर्न जिम्मेवार नागरिकको रूपमा सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस विषम परिवेशमा अहोरात्र खट्नु भएका स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरू तथा सबै राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । महामारीको संक्रमणलाई यथासम्भव कुशल ढङ्गमा व्यवस्थित गर्न अग्रपंक्तिमा खटिई नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण राजनीतिक दलहरु र स्थानीय तहका पदाधिकारीहरू

प्रति म आभार व्यक्त गर्न चाहन्छु ।यस महामारीको अवस्थाबाट पीडित हुन पुगेका नागरिकहरू, विदेशबाट फर्केका नेपाली नागरिकहरूका साथै श्रमिक मजदुरलाई राहत र स्वास्थ्य सुरक्षा उपलब्ध गराउन स्रोत साधनको उचित व्यवस्थापन गर्ने कार्यमा प्रयत्नशील नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूका सम्पूर्ण जनप्रतिनिधिहरू समेतलाई आभार प्रकट गर्न चाहन्छु।

**माननीय सभामुख महोदय,**

**अब म विनियोजन विधेयक, २०७७ का सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१०. विनियोजन विधेयक, २०७७ को सिद्धान्त र प्राथमिकता तय गर्दा मैले नेपालको संविधान र समाजवाद; शान्ति सुशासन र समृद्धि; संघीय सरकारको नीति, योजना तथा कार्यक्रम; राजनीतिक दलहरुको चुनावी घोषणापत्र; जैविक आर्थिक वृद्धिको ढाँचा र लोककल्याणकारी राज्यको परिकल्पना; देशको संघीय स्वरुप अनुरुप अपनाउनु पर्ने राजनैतिक र आर्थिक विकासको आधार; बागमती प्रदेशको प्रथम आवधिक योजनाको मान्यता र पहिचान गरिएका विकासका चालकहरु तथा दिगो विकासको लक्ष्य र संघीय योजनासँगको आवद्धतालाई मार्गदर्शनको रुपमा लिएको छु ।

११. जैविक माध्यमको आर्थिक वृद्धिको ढाँचाले साँच्चिकै देश विकासको सम्भावना देखाउँछ । देशमा उपलब्ध स्रोत र साधनहरुबाट अत्युत्तम प्रतिफल प्राप्त गर्न तदनुसार स्रोत साधनको पुनःवितरण र पुनःविन्यास गर्न जोड दिन्छ, आत्मनिर्भर अर्थव्यवस्थाको सिर्जना गर्न सघाउँछ। यस्तो अर्थव्यवस्थाको अवलम्वनले अन्तर्राष्ट्रिय प्रतिकूलता वा विश्व परिवेशमा आउने उतार चढावको परिस्थितिलाई सामना गर्न सक्षम गराई कम भन्दा कम क्षति गराउँछ ।

१२. विशेषतः कोरोना रोगको प्रकोप पछि विश्व परिवेशमा आउन सक्ने परिवर्तनले अब **आफ्नै गाउँ आफ्नै ठाउँ**को विकास मात्र दिगो हुन सक्ने देखिएको छ । धमाधम गाउँ फर्कने सर्वसाधारणको लाम हेर्दा दुःख पर्दा गाउँ नै चाहिने यथार्थताले अबको विकासको अभ्यास यही सिद्धान्त र अवधारणामा आधारित हुनुपर्ने देखिन्छ । यसले **आफ्नो गाउँ आफैं बनाऔं** भन्ने २०५१ सालको तत्कालीन सरकारको कार्यक्रमको

दुरदर्शिता पनि प्रमाणित गर्नेछ । अबको प्रदेश सरकारको विकासको सिद्धान्त भनेको **मेरो गाउँ मै बनाउँछु, बाँझो बारी मै फुटाउँछु** भन्ने सिद्धान्तमा आधारित हुनेछ।

१३. वैदेशिक रोजगारीका लागि लाखौं युवाहरु पलायन हुँदा विपद्का समयमा कसरी देश र जनता पीडित हुने रहेछन् भन्ने सन्देश यो महामारीले दिएको छ । कोभिड-१९ रोगको संक्रमणको कारणले निकट भविष्यमा युवाहरु विदेशिने सम्भावना कम हुने र यस्ता जनशक्ति अब नेपालमा नै रहने तथा हाल विदेशमा रहेकाहरु समेत फर्कने हुँदा, त्यस्ता जनशक्तिलाई लक्षित गरी कृषि कर्म, उत्पादन क्षेत्र तथा तत्कालै रोजगारी सिर्जना हुने क्रियाकलापहरुमा केन्द्रित हुनेगरी बजेट निर्माण गरिनेछ ।

१४. अबको विकास प्रयासमा ग्रामीण अर्थव्यवस्था सुधारेर कम्तीमा पनि खाद्यान्न, तरकारी, फलफुल, पशुपालन मार्फत दुग्ध र मासुजन्य पदार्थमा आत्मनिर्भर हुनुपर्ने वास्तविकतालाई स्वीकारी पर्वतीय अर्थतन्त्रको विकासलाई जोड दिने गरी कार्यक्रमहरू तय गरिनेछ ।

१५. यस प्रदेशमा जैविक आर्थिक वृद्धिको अभ्यास मार्फत हासिल हुन सक्ने विकासको ठूलो सम्भावना छ किनभने काठमाण्डौ उपत्यका वरीपरीका जिल्लाहरुमा खाद्यान्न, तरकारी, फलफुल तथा पशुपालनको विकास मार्फत उत्पादन र रोजगारी साथसाथै उपलब्ध गराउन सकिन्छ । देशको राजधानी यही प्रदेशमा भएकोले ग्रामीण आर्थिक क्रियाकलापहरुलाई सहरी अर्थतन्त्रसँग आबद्ध गराउन सकिने अवसर छ । अबको बजेटमा यस अवसरको सदुपयोगमा ध्यान दिइनेछ।

१६. प्रदेश सरकार आफैंले वस्तु तथा सेवा उत्पादन गरी वितरण गर्न लामो समय लाग्न सक्ने भएको र वर्तमान अवस्थामा कानुनी आधारहरु पनि तय भई नसकेकोले नियमनकारी कार्य, सार्वजनिक सेवा वितरणको प्रभावकारिता वृद्धिमा योगदान हुने कार्य र सुशासन प्रवर्द्धन जस्ता कार्यक्रमहरु तय गरी अघि बढ्दा प्रदेश सरकारको उपस्थिति देखिने कार्यक्रमहरुमा जोड दिने सिद्धान्त लिइनेछ ।

१७. आगामी आर्थिक वर्षको बजेटका कार्यक्रममा स्रोत साधनको विनियोजन गर्दा विषय क्षेत्रगत र भौगोलिक अवस्थाको कसीमा समकालीन विकासको आवश्यकता अनुरुप न्यायपूर्ण र समन्यायिक विनियोजनमा विशेष ध्यान दिइनेछ ।

१८. अर्थव्यवस्थामा दिगो पूँजी निर्माण गर्न भौतिक पूर्वाधारका संरचनाहरुमा लगानी बढाउनुपर्छ । तर यस्ता पूर्वाधारका संरचनाहरुमा लगानी गर्न ठूलो धनराशीको आवश्यकता हुन्छ । पर्याप्त अध्ययन विश्लेषण बिना यस्ता परियोजनाहरुको सम्भाव्यता तथा उपयुक्तता बारे जानकारी प्राप्त हुँदैन । आयोजना विश्लेषण र लाभ लागत विश्लेषणबाट उपयुक्त देखिएमा मात्र आयोजना तोकिएको समयमा सम्पन्न हुने, तोकिएको प्रतिफल दिने र लगानी गरिएको धनराशीको पुनःभरण हुने हुन्छ। विषयगत मन्त्रालयहरुले आयोजनामा स्रोतको विनियोजन गर्दा यसलाई विशेष ध्यान दिनुपर्नेछ। यसर्थ आगामी आर्थिक बर्षमा विषयगत मन्त्रालयहरुले आफ्नो बजेट सीमाको केही अंश परियोजना बैंक मार्फत प्रस्ताव गर्ने व्यवस्था गरिनेछ ।

१९. प्रादेशिक सरकारको बजेट समग्र अर्थव्यवस्थामा सम्पति सिर्जना र पूँजी निर्माण हुने गरी तयार गरिनेछ । साथै संघीय सरकारको क्षेत्रगत विनियोजनसँग पनि समन्वय गरिनेछ । उत्पादकत्व बढी भएका क्षेत्र र उपक्षेत्रको पहिचान गरी लगानी परिचालन गरिनेछ।

२०. परम्परागत अनुदान प्रणालीमा आधारित वितरणमूखी कार्यक्रम दिगो हुन सक्दैन भन्ने अनुभवले देखाइसकेको छ । प्रत्येक वर्ष सोही कार्यक्रममा रकम खर्च गर्दा परमुखापेक्षी प्रवृत्तिको विकास भएको छ । तसर्थ दिगोपनालाई समेत ध्यान दिइ लागत साझेदारी र लगानी पद्धतिको अवलम्वन गरी विकासका कार्यक्रमहरु तय गरिनेछन्।

२१. विकास निर्माणमा पूँजी-प्रधान भन्दा श्रम-प्रधान प्रविधि र लगानीलाई प्राथमिकता दिइनेछ ।

२२. अबको बजेटमा परम्परागत रैथाने प्रविधिको पुनर्जागरण गर्ने गरी कार्यक्रम ल्याइनेछ। यस्तो प्रविधि हाम्रो भूस्वरूप अनुकूल हुने, वातावरण मैत्री हुने, दिगो र आत्मनिर्भर हुने भएकोले बाहिरी संसारमा आउने आर्थिक मन्दी वा प्रकोपले अर्थतन्त्रमा धेरै असर पर्दैन । श्रम-सघन हुने र साना-साना स्केलका हुने हुँदा यस्ता परम्परागत प्रविधिहरु लगानीका हिसाबले र स्वरोजगार निर्माणका हिसाबले पनि उपयुक्त हुन्छन्। यस्ता प्रविधि स्थानीय उत्पादनको प्रशोधन, सञ्चय र भण्डारणमा उपयोगी हुन्छ । यसले हाम्रो ग्रामीण अर्थव्यवस्थालाई उत्थानशील पनि बनाउँदछ।

२३. सूचना प्रणालीलाई आर्थिक वृद्धि र रोजगारीसँग आवद्ध गराउन सके यसले थप रोजगारी सिर्जनामा योगदान पुऱ्याउँछ। कोरोना रोगको प्रकोपको कारणले विद्युतीय सूचना प्रणालीको माग बढ्ने संकेत आइसकेको छ । निजी क्षेत्रसँग सहकार्य र साझेदारी गरी प्रदेश सरकार यसमा संलग्न हुन सक्दछ । तसर्थ रोजगारीमुलक सूचना तथा सञ्चार प्रणालीमा विशेष जोड दिइनेछ ।

२४. वित्तीय हस्तान्तरणका अनुदानहरूमध्ये लागत सहभागिताका कारण समपूरक अनुदान बढी प्रभावकारी देखिएको छ । तसर्थ आगामी वर्षको बजेट निर्माणमा यो अनुदानको अंश बढाइने र स्थानीय तहहरूसँग अग्रिम रूपमा आयोजनाहरू माग गर्ने व्यवस्था गरिनेछ ।

२५. वित्तीय संघीयताको सिद्धान्त अनुसार वित्तीय हस्तान्तरण अन्तर्गतका अनुदानहरू आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मात्र परिचालन गरिनेछन् ।

२६. सार्वजनिक स्वास्थ्य प्रणालीको सुधार सहित दिगो र विश्वसनीय स्वास्थ्य सेवा प्रदान गर्न सरकारी अस्पतालहरूको सुदृढीकरण गर्नु अहम् आवश्यकता हो भन्ने प्रमाणित भइसकेको छ । तसर्थ जनसाधरणलाई सरकारी स्वास्थ्य सेवा प्रति विश्वास जगाउन प्रदेश सरकारले सार्वजनिक स्वास्थ्य प्रणालीलाई विशेष ध्यान दिनुपर्ने भएको छ । प्रदेशका अस्पतालहरूमा आवश्यक यन्त्र उपकरण र यथोचित चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको व्यवस्थापनमा प्राथमिकताका साथ कार्य गरिनेछ। सामान्य स्वास्थ्य उपचारको लागि एक जिल्लाबाट अर्को जिल्लामा जानु नपर्ने स्थिति सिर्जना गर्न जिल्ला अस्पतालहरूको सुदृढीकरण गरिनेछ ।

२७. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र स्थानीय स्रोत साधनको परिचालनमा सिर्जनशीलता प्रवर्द्धन गरी स्वरोजगार, उद्यमशीलता र नव-अन्वेषणसँग आबद्ध गराउन शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२८. प्रभावकारी अनुगमन मूल्याङ्कन प्रणाली निर्माण गर्नु अहिलेको आवश्यकता हो । विषयगत मन्त्रालयहरूले कार्यक्रम सञ्चालन गर्दा अनुगमन मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरी संस्थागत क्षमता विकास गर्ने व्यवस्था मिलाइनेछ ।

२९. वार्षिक कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन र वस्तुगत मूल्याङ्कनको व्यवस्थालाई दण्ड र पुरस्कारको पारदर्शी व्यवस्थासँग आबद्ध गरी कार्य सम्पादन उच्च बनाउन प्रवर्द्धनात्मक कार्यहरू गरिनेछ ।

३०. भ्रष्टाचार प्रति शून्य सहनशीलता अपनाइनेछ । सेवा प्रवाहको गुणस्तरमा सुधार र पृष्ठपोषणको व्यवस्थालाई निरन्तर अनुगमन प्रणालीसँग आबद्ध गराइनेछ ।

३१. बजेट निर्माणमा समग्र वित्तीय अनुशासन, विनियोजन दक्षता र कार्यान्वयनमा कुशलता लगायत खर्चमा मितव्ययिता अपनाउन विशेष जोड दिइनेछ ।

३२. आर्थिक मामिला तथा योजना मन्त्रालयले वैकल्पिक वा अवसर लागतको विश्लेषण गरेर स्रोतको अत्युत्तम उपयोग हुने गरी बजेटको विनियोजन गर्नेछ । प्रदेश सरकारको राजस्व वृद्धि गर्ने उपायहरूको पहिचान गरी राजस्वका सम्भाव्य स्रोतहरूको खोजीमा विशेष ध्यान दिइनेछ ।

३३. प्रदेशका विषयगत मन्त्रालयहरूले आफू अन्तर्गतका कार्यालयहरू मार्फत सञ्चालन हुने कार्यक्रम र योजनाहरूको बारम्बार कार्यक्रम संशोधन तथा रकमान्तर गर्ने प्रवृत्ति देखिएको छ। साथै एउटा कार्यालयबाट सम्पादन हुनुपर्ने आयोजना अर्कै कार्यालयमा वा मन्त्रालयमै विनियोजन गर्ने र पछि सच्याउन कार्यक्रम संशोधन र रकमान्तर गर्ने प्रवृत्ति देखिएको छ ।

३४. पर्याप्त अध्ययन विश्लेषण बिना कार्यक्रमहरू प्रस्ताव गर्दा यो समस्या हरेक वर्ष दोहोरिइरहेको छ । यसबाट बजेटको उद्देश्य अनुरुप समयमै काम सम्पन्न नहुने र विकास निर्माणका कार्यमा समेत ढिला-सुस्ती भएको अनुभवले देखाएको छ । विषयगत मन्त्रालयमा बजेट निर्माण अगावै पर्याप्त आन्तरिक छलफल र चरणबद्ध प्रक्रियामार्फत बजेट निर्माणको आवश्यकता देखिएको छ। विगतका कमी कमजोरीहरूबाट पाठ सिक्दै बजेट प्रणालीमा सुधार ल्याई यथार्थपरक र कार्यान्वयनयोग्य बजेट निर्माण तर्फ विशेष जोड दिइनेछ।

**माननीय सभामुख महोदय**

**अब म विनियोजन विधेयक, २०७७ का प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

३५. बागमती प्रदेशको नामाकरण र प्रदेश राजधानी हेटौंडा तोकिए पछि प्रदेश सरकारका मन्त्रालयहरू तथा अन्य निकाय र कार्यालयहरूको भवन निर्माणमा विशेष प्राथमिकता दिनुपर्ने भए अनुसार आगामी आर्थिक वर्षमा आफ्ना भवन नभएका सबै मन्त्रालयहरू तथा निकायहरूको भवन निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।

३६. कोभिड-१९ को संक्रमणबाट त्रसित परिवेशमा सार्वजनिक क्षेत्र बलियो हुनु पर्ने महसुस भएकोले अब सरकारी संयन्त्र प्रति सर्वसाधारण निश्चिन्त हुने वातावरण सिर्जना गर्न प्रदेशका मन्त्रालय, निर्देशनालय र अन्य निकायहरूको क्षमता बढाउनु पर्ने हुँदा यसतर्फ विशेष प्राथमिकता दिइनेछ।

३७. अबको कृषि विकासको सोच अनुदानमूखी होइन, लगानी र लागत साझेदारीमूखी हुनुपर्छ । बैंक तथा अन्य लगानी गर्ने वित्तीय संस्थाहरूसँग समझदारी गरी सहकार्यमा युवा उद्यमीमूखी कार्यक्रमहरू सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।

३८. बागमती प्रदेशको भौगोलिक अवस्थिति विश्लेषण गरी स्थानीय उत्पादन र प्रशोधन, सञ्चय, भण्डारण तथा वितरण र आपूर्ति पद्धतिको पहिचान गरी खास-खास जिल्लाहरूमा सम्भाव्य खाद्यान्नवाली र तरकारीको उत्पादनलाई प्राथमिकता दिइनेछ।

३९. काठमाण्डौ उपत्यका वरिपरिका जिल्लाहरूमा पशुपालनको राम्रो सम्भावना रहेको छ । तसर्थ एकीकृत रूपमा पशुपालन (बाख्रापालन, बंगुरपालन, कुखुरा तथा हाँसपालन) मा जोड दिई उपत्यकाको बजारमा हुने पशु तथा पंक्षीजन्य मासुको माग यही प्रदेश भित्रबाट आपूर्ति गर्न आवश्यक कार्यक्रमहरूको सञ्चालनमा प्राथमिकता दिइनेछ ।

४०. कृषि तथा फलफुलको लागि नर्सरीको स्थापना र स्थानीय भण्डारण तथा संकलन केन्द्रको स्थापना गरी संकलन केन्द्रबाट सहर बजारसम्म पुऱ्याउने व्यवस्थाका साथै बजारमा विक्री केन्द्रहरु खोली वितरण गर्ने व्यवस्थाका लागी सहकारी मोडेललाई प्राथमिकता दिइनेछ ।

४१. प्रदेश भित्रका ठूला सहरको वरिपरि बाँझो रहेका पाखो र वन क्षेत्रलाई हरियो तथा लहरे तरकारीको हवको रूपमा विकास गर्न प्राथमिकता दिइनेछ । श्रम-प्रधान हुने र बजारको समीपमा उत्पादनको सम्भाव्यता भएकोले यो कार्यक्रम प्रभावकारी हुने विश्वास लिइएको छ ।

४२. सबै जिल्लामा **कृषि बजार सूचना केन्द्र**को स्थापना गरी उपभोक्ता र कृषक दुवै पक्षलाई प्रविधिको प्रयोग गरी सूचना उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

४३. प्रदेशका उच्च पहाडी र तल्लो हिमाली क्षेत्रमा भू-धरातल सुहाउँदो व्यावसायिक पशुपालनमा जोड दिइनेछ । यसको लागि भेटेरिनरी, नश्ल सुधार कार्यक्रम, चरन व्यवस्थापन र घाँसेवाली उत्पादन कार्यक्रमलाई युवा रोजगारसँग आबद्ध गरी अभियानका रूपमा सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

४४. प्रदेश सरकारले प्रमुख कृषि बालीमा न्यूनतम समर्थन मूल्य तोकी बाली लगाउनु पूर्व नै सो को घोषणा गर्नेछ । कृषकहरूको उत्पादन विक्री हुन नसकी बचत हुन गएमा प्रदेश सरकारको तर्फबाट खरीद गर्ने व्यवस्था गरिनेछ । यसको लागि संघीय सरकारका निकाय तथा संयन्त्रहरूको परिचालन गरिने व्यवस्था गरिनेछ ।

४५. खेती योग्य जमिन बाहेक बाँझो रहेको सार्वजनिक र निजी जग्गाहरूमा रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यका साथ अभियानकै रूपमा फलफुलका वृक्षादि रोपण कार्य प्रारम्भ गरी प्रदेशको कूल वनले ढाकेको क्षेत्रफलमा फलफुल वृक्षको अंश बढाउन प्राथमिकता दिइनेछ ।

४६. सहकारीको सिद्धान्त अनुरूप विषयगत सहकारीको स्थापना र प्रवर्द्धनलाई यथोचित महत्व दिइनेछ । सहकारी संयन्त्रलाई कृषि उत्पादन, प्रशोधन र वितरण प्रणालीसँग आबद्ध बनाइ लघु उद्यम र ग्रामीण विकासको माध्यमको रूपमा परिचालन गरिनेछ।

४७. खाद्य व्यवस्था तथा व्यापार कम्पनी र स्थानीय तहको सहकार्य एवम् संलग्नतामा प्रदेशका प्रमुख सहरहरूमा गोदामघरहरूको निर्माण र स्तरोन्नति गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लाई वैज्ञानिक वितरणको व्यवस्थापन गराउन साझेदार संस्थाको रूपमा संलग्न गराइनेछ ।

४८. स्थानीय तहहरूसँगको समन्वयमा शीतघर निर्माण र सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

४९. काठमाण्डौ उपत्यका केन्द्रित नियमित बजार अनुगमन प्रणालीको व्यवस्था गरिनेछ। खाद्यान्नको अभाव हुन सक्ने जिल्लाहरूमा खाद्यान्नको माग प्रक्षेपण र बजार सर्वेक्षण गरी खाद्यान्न उपलब्धताको सुनिश्चितता गरिनेछ ।

५०. वृक्षारोपण कार्यक्रमलाई स्थानीय तहहरूसँगको सहकार्यमा **हरित आर्थिक वृद्धि अभियान** सञ्चालन गरिनेछ । यसलाई युवा रोजगार प्रदान गर्ने माध्यम समेत बनाइनेछ।

५१. स्थानीय तहहरूको समन्वयमा स्थानीय पोखरी, ताल तलैया सरसफाइका कार्यक्रमहरू सञ्चालन गरी एक गाउँ एक पोखरीको अवधारणालाई सशक्त रूपमा अगाडि बढाई पानीको मुहान संरक्षण र जलस्रोतको पुनःभरण गर्न जोड दिइनेछ ।

५२. अतिक्रमणमा परेका पर्यटकीय स्थलहरूको विवरण तयार गरी संघीय सरकारसँगको समन्वयमा अतिक्रमण हुनबाट जोगाउने कार्यक्रम सञ्चालन गरिनेछ । धार्मिक र साँस्कृतिक पर्यटनको विकासको लागि प्रत्येक जिल्लाका धार्मिक र सांस्कृतिक महत्वका स्थानमा विशेष अवसर र धार्मिक मेलामा प्रदेश सरकारको तर्फबाट मेला तथा पर्व व्यवस्थापन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५३. आन्तरिक पर्यटन (कृषि पर्यटन, पर्या-पर्यटन, साहसिक पर्यटन, ग्रामीण पर्यटन) सँग सम्बन्धित कार्यक्रमहरू स्थानीय तहहरूसँगको समन्वयमा सञ्चालन गरिनेछ । हिमाली क्षेत्र केन्द्रित धार्मिक पर्यटनको साथै अन्य पर्यटकीय स्थलको पहुँचमा पूर्वाधार विकास र प्रचार प्रसार गरी आन्तरिक पर्यटनको विकास गरिनेछ ।

५४. नेपालको आर्थिक रूपान्तरणको वाहक र समावेशी अर्थतन्त्र निर्माणको आधारस्तम्भ लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन तथा पुनःउत्थानलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ। यस्ता उद्योगहरूको दर्ता प्रक्रिया व्यवसाय मैत्री तथा सूचना प्रविधिमा आधारित हुने व्यवस्था मिलाइनेछ ।

५५. हेटौंडा-भीमफेदी-काठमाण्डौ सडकको स्तरोन्नती र सुधार यसै वर्ष सम्पन्न गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ । भीमफेदी-कुलेखानी सुरुङ्ग मार्गको निर्माण कार्य सुरु गरिनेछ।

५६. प्रादेशिक महत्वका र प्रदेशको आर्थिक गतिविधिमा उल्लेख्य योगदान गर्ने बहुवर्षीय पूर्वाधारसँग सम्बन्धित योजनाहरूलाई निरन्तरता दिइनेछ ।

५७. कृषि सडक वा लिङ्क सडकको निर्माण र सहायक मार्ग वा प्रादेशिक महत्वका सडकहरूको पहिचान गरी निर्माण गर्न आवश्यक प्रारम्भिक कार्यहरू सम्पन्न गरिनेछ।

५८. यातायात कार्यालयहरूको भौतिक अवस्था र कार्यालय व्यवस्थापनमा बजेट विनियोजन गर्ने र चालक अनुमतिपत्र वितरण गर्ने हालको प्रक्रियालाई स्तरोन्नती गरी व्यवस्थित र उच्चस्तरको बनाउन विशेष प्राथमिकता दिइनेछ । यातायातमा सवारी दर्ता प्रणाली स्थापना गरी विद्युतीय भुक्तानी मार्फत सवारीकर बुझाउने व्यवस्था मिलाइनेछ ।

५९. पहाडी जिल्लाहरूमा बहुउद्देश्यीय खानेपानी आयोजनाहरूको अध्ययन र सर्वेक्षणका लागि प्राथमिकता दिइनुका साथै यी कार्यक्रममा अति सुक्खा क्षेत्रहरूलाई विशेष प्राथमिकता दिइनेछ।

६०. आवास गृहको निर्माणमा परम्परागत वास्तुकलाको संरक्षण र संवर्द्धन गर्न स्थानीय तहको समन्वयमा मापदण्ड बनाई सो अनुसारको आवास गृह निर्माण गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ ।

६१. बहुउद्देश्यीय सिँचाई योजनालाई प्राथमिकता दिइनेछ । भौगोलिक अवस्थाको अध्ययन गरी पहाडी जिल्लाहरूमा केन्द्रित स-साना सिँचाई आयोजनाहरू र लिफ्ट सिँचाई योजनाहरूको सञ्चालनका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।

६२. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी पहाडी जिल्लाहरूमा सौर्य ऊर्जाको उत्पादन र वितरणका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

६३. खहरे खोलाहरूको मौसमी बहाव र तीबाट हुन सक्ने सम्भाव्य क्षति न्यूनीकरण गर्न तथा ठूला नदी कटान नियन्त्रण गर्न तटबन्ध निर्माण गर्ने कार्यक्रमलाई प्राथमिकता

दिइनेछ । नदी किनारा र खोल्सा-खोल्सीमा बाँसजन्य वृक्षादि रोपण कार्यक्रम सञ्चालनलाई प्राथमिकता दिइनेछ ।

६४. शिक्षालाई जीवन उपयोगी, व्यावसायिक, अनुसन्धानमूलक र प्रदेशको विकास निर्माणको आवश्यकतासँग तालमेल हुने गरी शैक्षिक प्रणाली र पाठ्यक्रममा परिमार्जन गर्न नेपाल सरकारका सम्बन्धित निकायहरुसँग सहकार्य गरिनेछ । स्वरोजगार प्रवर्द्धन गर्न सीप विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

६५. प्रदेशस्तरीय शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्न सरकारी क्याम्पसहरुमा अतिरिक्त पाठ्यक्रम सञ्चालन र खुला विश्वविद्यालयसँग सहकार्य गरी दूर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

६६. प्रदेशको विकास निर्माणको लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति परिचालन गर्न आवश्यक कार्यक्रमहरू ल्याइनेछ।

६७. प्रदेशको राजधानी लगायत सबै जिल्लामा अवस्थित अस्पतालको सुदृढीकरण र स्तरोन्नती गर्न आवश्यक व्यवस्था गरिनेछ । यी अस्पतालहरुमा हाल विश्वव्यापी रूपमा देखिएको कोरोना लगायतका अन्य महामारीजन्य रोगको नियन्त्रण तथा उपचारका लागि आवश्यक भवन, प्रविधि र उपकरण तथा उचित जनशक्तिको व्यवस्था गरिनेछ ।

६८. प्रदेशका सबै जिल्लाहरुमा स्वास्थ्य सर्वेक्षण गरी स्थान विशेषका रोगको प्रकोप र प्रवृत्ति अध्ययन गरी सो अनुसारका सरसफाई र प्रतिरोधात्मक स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरूको सञ्चालनमा प्राथमिकता दिइनेछ ।

६९. प्रदेशका पहाडी जिल्लाहरुमा घुम्ती स्वास्थ्य शिविर मार्फत **ज्येष्ठ नागरिक निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम** सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।

७०. स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई लक्षित गरी विकास आयोजना तयारी; आयोजना अध्ययन विश्लेषण र कार्यन्वयन; अनुगमन तथा मूल्याङ्कन र सामाजिक परीक्षणसँग सम्बन्धित प्रशिक्षणका कार्यक्रमहरु सञ्चालनमा प्राथमिकता दिइनेछ ।

७१. सार्वजनिक सेवा प्रवाहमा संलग्न राष्ट्रसेवकहरुको तालिम र वृत्ति विकासमा विशेष ध्यान दिई सुशासन प्रवर्द्धन र सेवा प्रवाहमा गतिशीलता ल्याइनेछ ।

७२. विदेशमा सीप सिकेर फर्केका तथा देशभित्रै व्यावसायिक र प्राविधिक शिक्षा आर्जन गर्ने युवावर्गलाई लक्षित गरी बेरोजगार अभिलेखाङ्कन कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट श्रम बजारमा माग र आपूर्ति बीचको सन्तुलन मिलाउन सहयोग पुग्नेछ ।

७३. सार्वजनिक निजी साझेदारी कार्यक्रम मार्फत परियोजना सञ्चालन गरी आर्थिक विकास गर्न यस सम्बन्धी नियमावलीको तर्जुमा गरिनेछ । सेवामूलक क्षेत्रमा यो कार्यक्रम सञ्चालन गर्न विशेष प्राथमिकता दिइनेछ ।

७४. हालसम्म बागमती प्रदेशमा नीति निर्माताका लागि तथ्याङ्कको सङ्कलन, विश्लेषण र आवश्यक सूचना उपलब्ध गराउने निकाय छैन । यसर्थ प्रदेशमा एक प्रदेश तथ्याङ्क ब्यूरोको स्थापना गर्न जरुरी भएकोले आगामी बजेटमा यो स्थापना गर्न प्राथमिकता दिइनेछ ।

७५. प्रदेश सरकारको राजस्व उठाइरहेका कार्यालयहरूको भौतिक अवस्था र व्यवस्थापन सुधार गर्न विशेष प्रयास गरिनेछ । सूचना प्रविधिको अधिकतम प्रयोग मार्फत एकीकृत राजस्व सूचना प्रणाली सञ्चालन गरिनेछ।

**माननीय सभामुख महोदय,**

**७६.** कोभिड-१९ को संक्रमणको कारण भर्खर गति लिन लागेको हाम्रो समृद्धिको प्रयासमा केही ठेस लागेको छ । देश बन्दाबन्दीको अवस्थामा रहँदा आर्थिक गतिविधिहरू गतिहीन बन्न पुगेका छन् । यिनलाई पुनर्जीवन दिन र यथास्थानमा ल्याउन निश्चय नै केही समय लाग्नेछ । तर यसलाई अवसरको रूपमा लिनु पर्ने भएकोले हरेस खाइहाल्नु पर्ने अवस्था भने छैन ।

**७७.** देशको विकास जैविक प्रणालीबाट मात्र दिगो बन्छ भन्ने मूल मन्त्र अब साकार पार्नु पर्ने भएको छ । देशको भौगोलिक अवस्थिति र भूस्वरूप अनुसारको विकासको नमुना मार्फत मात्रै यो दिगो बन्छ । विश्वमा आउने हरेक उथलपुथलको असर कम भन्दा कम पर्ने गरी हामीले विकासका नीति र अभ्यासको अनुसरण गर्नुपर्छ । प्रदेशभित्रका

सम्भावनाहरूको वस्तुगत विश्लेषणले देशको प्रगति थप उत्थानशील बन्छ । खाद्यान्न उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, सार्वजनिक स्वास्थ्य प्रणाली सुधार्ने र शिक्षाको गुणस्तर सुधारी उद्यमशीलताको प्रवर्द्धन गर्नु अहिलेको तत्कालीन आवश्यकता भएकोले यसमा केन्द्रित हुनु पर्ने स्पष्ट छ । आगामी वर्षको बजेट यसै तर्फ उन्मुख हुने कुरामा म माननीय सदस्यहरूलाई आश्वस्त गराउन चाहन्छु ।

**७८.** मैले यस सम्मानित सभा समक्ष पेश गरेको विनियोजन विधेयक २०७७ का सिद्धान्त र प्राथमिकता प्रदेशको वस्तुगत यथार्थता र आवश्यकता, समकालीन बाह्य तथा आन्तरिक परिवेश र साधनको उपलब्धता बीच तादात्म्य हुने गरी तय गरिएको खाका हो । माननीय सदस्यहरूले यी सिद्धान्त र प्राथमिकताहरूमा सघन छलफल गरी रचनात्मक पृष्ठपोषण दिनुहुनेछ भन्ने मैले विश्वास लिएको छु । माननीय सदस्यहरूबाट प्राप्त हुने महत्वपूर्ण सुझावहरू र प्रदेश सरकारले यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने नीति तथा कार्यक्रमलाई आर्थिक वर्ष २०७७/७८ को बजेट निर्माणमा मार्गदर्शनको रूपमा लिने प्रतिबद्धता समेत यहीँबाट व्यक्त गर्न चाहन्छु।

**धन्यवाद !**